चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ | सङ्ख्याः ३ | मितिः २०८०/०७/०३

## भाग - २

## चिचिला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

## चिचिला गाउँपालिकाको ब्याकहू लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

# चिचिला गाउँपालिकाको ब्याकहू लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** चिचिला गाउँपालिका क्षेत्रभित्रका सडकहरू तथा भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार, विपद् व्यवस्थापनका कार्यहरूमा मापदण्डहरू बमोजिम प्रयोग गर्नका लागि गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहू लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्न गराउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले ब्याकहू लोडर सञ्चालन कार्यविधि, २०८० बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त, नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "चिचिला गाउँपालिकाको ब्याकहू लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि चिचिला गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "ऐन" भन्नाले स्थानीय सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(२) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(३) "गाउँसभा" भन्नले चिचिला गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(४) "अध्यक्ष" भन्नाले चिचिला गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(५) "उपाधयक्ष" भन्नाले चिचिला गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

(६) "गाउँ कार्यपालिका" भन्नाले चिचिला गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिचिला गाउँपालिकाको, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(८) "ईन्जनियर" भन्नाले चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत ईन्जिनियरलाई सम्झनु पर्दछ ।

(९) "कार्यालय" भन्नाले चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(१०) "ब्याकहू लोडर" भन्नाले चिचिला गाउँपालिकाले सञ्चालनमा ल्याएको ब्याकहू लोडरलाई सम्झनुपर्छ।

(११) "मेशिन" भन्नाले ब्याकहू लोडरलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** कार्यालयबाट सञ्चालन गरिने सडक निर्माण तथा मर्मत सम्भार लगायत भौतिक पूर्वाधारका आयोजनाहरू, उपभोक्ता समितिद्धारा सञ्चालित आयोजनाहरू, स्थानीय सरकारी/गैर सरकारी संघ/संस्था लगायत निर्माण व्यवसायीद्धारा सञ्चालित विकास आयोजनाहरू तथा छिमेकी पालिकाहरूको विकास कार्यक्रमहरूमा माग भए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

## परिच्छेद २
## ब्याकहू लोडर सञ्चालन प्रक्रिया

**४. गाउँपालिकाको आवश्यकता बमोजिम ब्याकहू लोडर सञ्चालन विधिः** चिचिला गाउँपालिकामा रहेको ब्याकहू लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भएपश्चात मात्र फिल्डमा खटाईनेछः

(१)गाउँपालिका अन्तर्गतका सडकहरूको मर्मत सम्भार गर्नुपर्ने भएमा वा गाउँपालिका अन्तर्गतका पूर्वाधार विकासका कार्यहरूमा प्रयोग गर्नुपर्ने भएमा ब्याकहू लोडर सञ्चालन हुने सम्बन्धित वडा कार्यालयले गाउँपालिकामा प्रयोजन खुलाई सिफारिस गर्ने र सञ्चालन समितिले निर्णय गर्नुपर्नेछ ।

(२)उपदफा (१) बमोजिम सिफारिस प्राप्त भए पश्चात सम्बन्धित वडामा तोकिएका प्राविधिकले स्थलगत नापजाँच गरी लागत अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

(३)उपदफा (२) बमोजिम स्वीकृत लागत अनुमान दफा १० बमोजिमको सञ्चालक समितिको बैठकमा पेश भई बैठकको निर्णायनुसार योजना शाखा प्रमुखले अनुसूची १ बमोजिमको ढाँचामा मेशिन फिल्डमा खटाउनका लागि कार्यदिश उपलब्ध गराउनु पर्नेछ ।

(४)उपदफा ३ बमोजिम खटिएकोमा काम सम्पन्न भई सकेपछि फिल्डमा काम शुरु गर्नु पूर्व र सम्पन्न भए पश्चातको तस्विर अपरेटर सहायकले योजना शाखामा पेश गर्नुपर्नेछ ।

(५)मेशिन खटाई गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विविरणसहित मिटरको अद्यावधिक अभिलेख सहितको अनुसूची ३ बमोजिमको ढाँचामा लगबुक कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(६)योजना शाखाले उपदफा (१),(२),(३) र (५) बमोजिमका अभिलेखहरू सुरक्षित राख्नु पर्नेछ ।

(७)गाउँ सडक यातायात गुरुयोजना (MTMP) मा समावेश नभएका सडकहरूको ट्र्याक खोल्ने मर्मत सम्भार लगायत अन्य जुनसुकै कार्यमा समेत मेशिन सञ्चालन गरिने छैन ।

(८)यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपदको कारणबाट अवरूद्ध सडक सुचारू गर्न तथा विपद् व्यवस्थापनको कार्यमा प्रयोग गर्नु परेमा गाउँपालिका अध्यक्षको आदेशमा मेशिन फिल्डमा खटाई यस दफा बमोजिमको प्रक्रिया पुरा गरि अभिलेख राख्न बाधा पर्ने छैन।

**५. ब्याकहू लोडर भाडामा दिदा अपनाउनु पर्ने कार्यविधिः**

(१)ब्याकहू लोडर माग गर्ने ब्यक्ति वा संस्थाले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(२)ब्याक हू लोडर माग गर्ने ब्यक्ति वा संस्थाको माग निवेदन उपर गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतबाट तोक आदेश भएपश्चात मेसिन माग गरिएको समय र सो बराबरको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम कार्यालयमा नगदै वा तोकिएको बैकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

(३)उपदफा (२) बमोजिमको प्रकृया पुरा भएपश्चात गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदन र कामको प्रकृतिलाई समेत मध्यनजर गरी

प्राथमिकता साथ योजना शाखा प्रमुखले अनुसूचि १ मोजिमको ढाँचामा मेशिन फिल्डमा खटाउनका लागि कार्यदिश उपलब्ध गराउनु पर्नेछ ।

(४)ब्याकहू लोडर अपरेटरलाई कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै स्थान विशेषमा मेशिन लगी काम गर्ने गराउने अधिकार रहने छैन । कुनै त्यस्ता कार्य गरेको पाईएमा मेशिन अपरेटरको तलब भत्ता कट्ट गरिनेछ ।

(५)निवेदकले माग गरिएको समयभन्दा बढि समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई खबर गरी थप कार्यदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ ।

(६)मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्ड देखि काम सम्पन्न गरी पुनःकार्यालय फिर्ता भएसम्मको समयको गणना गरी स्थानीय दररेट अनुसारको शुल्क मेशिन प्रयोगकर्ताले बुझाउँनु पर्नेछ ।

(७)मेशिन खटिई गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटर अद्यावधिक अभिलेख कार्यालय समक्ष अनुसूची ३ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

(८)ब्याकहू लोडर काममा खटिई तोकिएको समय भन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा मेशिन अपरेटर र योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमा मात्र नियमानुसार सञ्चित समय वापत हुन आउने रकम जम्मा गर्न निवेदकलाई फिर्ता गरिनेछ।

(९)यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका क्षेत्रभित्र उपभोक्ता समिति मार्फत सञ्चालित गाउँपालिका स्तरीय वा वडा स्तरीय आयोजनाको हकमा मेशिन प्रयोग गर्नु पर्दा स्वीकृत लागत अनुमान बमोजिम मेशिन प्रयोग गरी आयोजनाको रकम भुक्तानी हुँदा मेशिनको प्रयोग गर्नु पर्दा स्वीकृत लागत अनुमान बमोजिम मेशिन प्रयोग गरी आयोजनाको रकम भुक्तानीको भाडा वापतको रकम कट्टी गरी दफा ५ बमोजिमको कोषमा जम्मा गरी बाँकी रकम उपभोक्ता समितिको नाममा भुक्तानी गर्न बाँधा पर्ने छैन ।

(१०) उपभोक्ता समिति वा मेशिन प्रयोगकर्ताले मेशिन भाडामा लिएमा प्रति घण्टा भ्याट र इन्धन बाहेक रू. १५००।० र मेशिन अपरेटर र सहायकलाई खाना वापत रू. २००।० उपभोक्ता समिति वा मेशिन प्रयोगकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

६. **ब्याकहू लोडर सञ्चालन सेवा शुल्कः** (१) कुनै ब्यक्ति वा संघ संस्थाबाट ब्याकहू लोडर माग भै आएमा सोको लागि लाग्ने सेवा शुल्क गाउँसभाले स्वीकृत गरेको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ । तर आर्थिक ऐनमा ब्यवस्था नभएसम्मका लागि गाउँसभाबाट अनुमोदन गर्ने गरी गाउँ कार्यपालिका बैठकले तोके बमोजिम हुनेछ ।

**७. चिचिला गाउँपालिकामा रहेको ब्याकहू लोडर सञ्चालनका लागि एक ब्याकहू लोडर सञ्चालन तथा व्यवस्थापन कोष सम्बन्धी व्यवस्थाः**

(१)चिचिला गाउँपालिकामा रहेको ब्याकहू लोडर सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ । उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२)कोषमा देहाय बमोजिमको रकम आम्दानी बाधिनेछ ।

क) ब्याकहू लोडर सञ्चालन वापतको सबै प्रकारको आम्दानी ।

ख) गाउँसभाबाट विनियोजित रकम ।

(३)कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गर्न सकिनेछ ।

क) ब्याकहू लोडरको सञ्चालन, मर्मत सम्भार तथा इन्धन वापतको रकम भुक्तानी गर्न ।

ख) मेशिन अपरेटरको तलब भत्ता र अपरेटर सहायकको भत्ता वापतको रकम भुक्तानी गर्न (भत्ता वापतको रकम भुक्तानीको लागि दफा १० बमोजिमको सञ्चालक समितिको बैठकको निर्णय र अनुसूची ३ बमोजिमको प्रमाणित लगबुक समेत आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ।

ग) मेशिन सञ्चालन गरे वापत प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु पर्ने कर वापतको रकम ।

घ) मेशिन सञ्चालन गर्दा आइपर्ने विविध तथा भैपरी खर्च ।

(४)कोषको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(५)प्रत्येक आर्थिक वर्षको अन्त्यमा कोषको रकम आन्तरिक आम्दानीको रूपमा गाउँपालिकाको सञ्चित कोषमा आम्दानी बाधिनेछ ।

**८. इन्धन तथा मर्मत सम्बन्धि व्यवस्थाः**

(१) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्टस् खपतको अद्यावधिक लगत, मेशिन अपरेटरले तयार गरी ईन्जिनियरको सिफारिस पेश गर्नु पर्नेछ ।

(२) मेशिन अपरेटरले मिटर अभिलेख राखि इन्धनको लगाएको परिमाण काम गरेको साईटको अनिवार्य अभिलेख लगबुक भरी सञ्चालन समितिको बैठकमा अनिवार्य पेश गर्नुपर्नेछ ।

(३) इन्धन तथा लुब्रिकेन्टस् र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सि शाखामा अद्यावधिक राखिनेछ ।

(४)मेशिन बिग्रिई सञ्चालन गर्न नसकिने भएमा अपरेटरले अनुसूची ४ बमोजिमको ढाँचामा कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ ।

(५)उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपछि जिन्सि शाखाले वर्कशपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी मेकानिकल ईन्जिनियरको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

(६)मर्मत सम्भारका कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा ईन्जिनियर वा जिन्सि शाखाका प्रतिनिधि वर्कशपमा रहनु पर्नेछ ।

**९. अपरेटर सम्बन्धी व्यवस्थाः**

(१)ब्याकहू लोडर सञ्चालन गर्न **एक जना अपरेटर र एक सहायक अपरेटर** रहने छन् ।

(२)अपरेटरको नियुक्ति कार्यपालिकाको बैठक र सञ्चालक समितिले तोक्न सक्नेछ ।

(३)अपरेटरको तलब स्केल गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ । तलब स्केलका अतिरिक्त मेशिन सञ्चालन भएको अवधिको **प्रतिघण्टा एक सय पचासका दरले** भत्ता उपलब्ध गराइनेछ ।

(४)अपरेटरको जिम्मेवारी तथा कर्तव्य करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५)अपरेटरको काममा सहयोग गर्न दफा १० बमोजिमको सञ्चालक समितिले एक जना कर्मचारीलाई अपरेटर सहयोगीको रूपमा तोक्न सक्नेछ । यसरी तोकिएको अपरेटर सहयोग कर्मचारीले मेशिन फिल्डमा खटेको दिनमा **प्रतिदिन रू. २०० खाजा** भत्ता प्राप्त गर्नेछ ।

(६)अपरेटर तथा अपरेटर सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ती असुल उपर गरिनेछ ।

**१०. ब्याकहू लोडर सञ्चालक समितिः** (१) ब्याकहू लोडर मेशिनलाई सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको एक समिति रहनेछः

**(क)**गाउँपालिका अध्यक्ष : संयोजक

**(ख)**गाउँपालिका उपाध्यक्ष : सह-संयोजक

**(ग)** पूर्वाधार विकास समिति संयोजक : सदस्य

**(घ)**प्रमुख प्रशासकीय अधिकृत : सदस्य

**(ङ)** लेखा शाखा प्रमुख : सदस्य

**(च)** संयोजकले तोकेको ईन्जिनियर एक जना : सदस्य

**(छ)**योजना शाखा प्रमुख : सदस्य सचिव

(२) सञ्चालक समितिले आवश्यकता अनुसार ब्याकहू लोडर सञ्चालनको अवस्था तथा सोको अनुगमन निरीक्षण गर्न सक्नेछ ।

(३) मेशिनको सञ्चालन मर्मत सम्भार र सुरक्षाका सम्बन्धमा सञ्चालक समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) सञ्चालक समितिले मेशिन सञ्चालन र व्यवस्थापन कार्यको जिम्मेवारी कार्यालयको कुनै शाखा गाउँ प्रहरी वा कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।

(५) सञ्चालक समितिको बैठक न्यूनतम महिनाको एक पटक बस्नेछ र आवश्यकतानुसार जतिसुकै पटक पनि बस्न सक्नेछ । सो बैठकमा एक महिनाभित्र मेशिन खटिएको अनुसूची ३ बमोजिमको विवरण र सोबाट प्राप्त आय र व्ययको विवरण सहितको दफा ६ बमोजिमको कोषको यथार्थ अवस्था बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(६) बैठकको गणपुरक सङ्ख्या दुई तिहाई हुनेछ । बहुमत सदस्यको निर्णय मान्य हुनेछ । समितिको बैठक सञ्चालन वापत भत्ता रकम प्राप्त हुनेछैन ।

## परिच्छेद ३
## विविध

**११. दायित्व र जिम्मेवारी सम्बन्धी ब्यवस्थाः**

(१)माइल मिटर आवश्यक उपकरण सहित ब्याकहू लोडर मेशिन चुस्त दुरूस्त राख्ने र इन्धन लुब्रिकेन्टस् आदिको लगबुक अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(२)अपरेटर सहयोगीले मेशिन अपरेटरलाई आवश्यक सहयोग पुर्याउन पर्नेछ ।

(३)प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त सबै वा केही अधिकार र जिम्मेवारी कुनै अधिकृत कर्मचारीलाई प्रदान गर्न सक्नेछ ।

(४)प्रमुख प्रशासकीय अधिकृत तोकिएको कर्मचारी, ईन्जिनियर र जिन्सि शाखा प्रमुखले मेशिन चुस्त दुरूस्त राख्न ध्यान दिनुपर्नेछ ।

**१२. कार्यविधिमा संशोधनः** गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ पुकाउन सक्नेः** यस कार्यविधिमा कार्यान्वयनको क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा वा बाधा अड्काउ आई परेमा कार्यविधिको व्याख्य गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

चिचिला गाँउपालिका

## अनुसूची १
**(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)**

**श्री ........................... शाखा/इकाई,**

**विषयः** कार्यादेश प्रदान गरिएको सम्बन्धमा ।

श्री.................... को मिति................. को निवेदन बमोजिम ब्याकहू लोडर सञ्चालक समितिको/कार्यालयको मिति...................को निर्णयानुसार ब्याकहू लोडर सञ्चालन कार्यविधि, २०८० को अधिनमा रही तपसिल बमोजिम सञ्चालनका लागि अनुमति प्रदान गरिएको छ ।

**तपसिल**

| खटिइएको वडा र स्थान | गाउँपालिकाबाट खटिने स्थानमा पुग्न लाग्ने अनुमानित समय | कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय | जम्मा समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

योजना शाखा प्रमुख

दस्तखत

चिचिला गाउँपालिका

अनुसूची २

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**ब्याकहू लोडर माग निवेदन**

**मितिः**

**श्री चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, सङ्खुवासभा ।**

**विषयः** ब्याकहू लोडर उपलब्ध गराईदिनु हुन ।

यस चिचिला गाउँपालिकाको कार्यालयले सञ्चालनमा ल्याएको ब्याकहू लोडरको नियमानुसार लाग्ने शुल्क भुक्तानी गर्ने गरी देहायको कामका लागि देहायको संस्थालाई आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौं ।

**ब्याकहू लोडर माग गर्नेले भर्नेः**

| मेसिन माग गर्ने व्यक्ति/ संस्था/उपभोक्ता समितिको नाम र ठेगाना | कामको विवरण | मेशिन प्रयोग हुने स्थान | माग गरिएको समय र दिन | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

माग गर्नेको दस्तखतः
संस्था/उपभोक्ता समितिको छापः

**कार्यालयले भर्नेः**

| गाउँपालिकाबाट खटिने स्थानसम्म पुग्न लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्नुपर्ने शुल्क रू. |
|---|---|---|---|---|
| | | | | |

.............
पेश गर्ने

.............
परिक्षण गर्ने

.............
सिफारिस गर्ने

**राजश्व शाखाले भर्नेः**

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

.............
स्वीकृत गर्ने

**अनुसूची ३**

**(दफा ४ को उपदफा (५) को उपदफा (७) सँग सम्बन्धित)**

**चिचिला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चिचिला, सङ्खुवासभा**

**<u>ब्याकहू लोडर सञ्चालन लगबुक</u>**

सवारी साधन नं.

साल महिनाको मासिक लगबुक

| सि.न. | मिति | कामको विवरण | शुरु अंक (घण्टा मिनेट) | अन्तिम अंक (घण्टा मिनेट) | जम्मा घण्टा मिनेट | इन्धन खपत अनुमानित | अन्य खर्च | अपरेटरको हस्ताक्षर | अपरेटर सहायकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | |

सिफारिस गर्ने
प्राविधिक कर्मचारी

रुजु गर्ने
योजना शाखा प्रमुख

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

चिचिला गाउँपालिका

**अनुसूची ४**

**(दफा ५को उपदफा (३) सँग सम्बन्धित)**

**ब्याकहू लोडर मर्मत सम्बन्धी निवेदन फारमको ढाँचा**

**मितिः**

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, सङ्खुवासभा ।**

**विषयः** ब्याकहू लोडर मर्मत सम्बन्धमा ।

यस कार्यालयको सञ्चालनमा ल्याएको ब्याकहू लोडरको तपसिलको पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मरतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु ।

तपसिल

| समस्या आएका सामान वा पार्टसको विवरणट | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नु पर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

गाउँपालिका

मेशिन अपेरेटरको दस्तखतः
नामः
मितिः
उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देकीएकोले सिफारिस गर्दछु ।

सिफारिस गर्ने इन्जिनियरको दस्तखतः
नामः

स्वीकत गर्नेः

प्रमाणिकरण मितिः २०८०।०७।०३

आज्ञाले;
शुक्रादेवी राई
प्रमुख प्रशासकीय अधिकृत